जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
*इमेल : mgnd2070@gmail.com*

बर्षः १२, अंकः २५२ पृष्ठः ४ | २०८२ माघ १५ बिहीबार (Thursday 29 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## नापी कार्यालयमा खुलेआम घुस लेनदेन, प्रतिक्रियालिन गएका पत्रकारमाथि दुर्व्यवहार



सिरहा १४ माघ। देशमा पार्दर्शिता, सुशासन, र भ्रष्टाचार विरुद्धको जेन्जी आन्दोलनमा ७० जेना भन्दा भढिको मृत्युवरन भयो। सैकडौ युवायुवतीहरु घाइते भए। सुशासन र भ्रष्टाचारको विरुद्धको आन्दोलनमा अर्बौंको क्षती भयो। तरपनी, व्यवस्थामा सुधार आउन सकेको छैन। जनता अझैपनी निरास छन्। भ्रष्ट कर्मचारी र बिचौलियाँ बिचको सम्बन्ध उस्तै छ। यसको एउटा उदाहरण हो, सिरहाको नापी कार्यालय। यी अ ामा अतिरिक्त रकम नबुझाएसम्म लगभग सेवाग्राहीको कामै हुँदैन।

सिरहाको नापी कार्यालयका कर्मचारीले सेवाग्राहीसँग खुलेआम घुस रकम लिएर काम गर्ने गरेको पाइएको छ। सिरहास्थित नापी कार्यालयका कर्मचारीले कार्यालय प्रमुखकै निर्देशनमा, सेवाग्राहीसँग किता एकीकृत गराउन, किताकाट, ब्लु प्रिन्ट लगायतका काममा विचौलिया तथा कर्मचारीहरु आफैँले खुलेआम अतिरिक्त रकम लिने गरेको पाइएको हो।

नापी कार्यालयका कर्मचारी र लेखापढी व्यवसायीको सेटिङमा सेवाग्राहीसँग घुस लिएर मात्र कागजी प्रक्रिया अगाडि बढाउने गरेको पीडित सेवाग्राहीहरु बताउँछन्। सेवाग्राहीलाई विभिन्न उल्झन देखाएर सामान्य प्रक्रियाबाटै हुने काममा पनि अतिरिक्त रकम नबुझाएसम्म नहुने गोलबजार नगरपालिकाका सेवाग्राही ज्ञान सिंहले बताए।

उनले भने, 'म आफ्नै नामको दुइवटा कितालाइ एकीकृत गराउन सबै प्रक्रिया पुर्‍याएर करिव १० दिनदेखि कार्यालाय धाउदै छु। यो सामान्य काम गराउन जबसम्म सिरहा नापी कार्यालयका कर्मचारी राजेश खाँगलाइ १० हजार रुपैयाँ दिन तयार भईंन त्यसबेलासम्म प्रक्रिया अगाडी बढेन। यो कस्तो सुशासन हो? प्रतिप्रश्न गर्दै उनले भने, 'म मात्रै हैन यो कार्यालय

**-बाँकी दुई पेजमा**

## स्थानीय जनताका बीचमा रहेर विकास निर्माणमा समर्पित हुनेछुः सभापति थापा



सर्लाही, १४ माघ। नेपाली कांग्रेसका सभापति एवं सर्लाही क्षेत्र नम्बर ४ का उम्मेदवार गगनकुमार थापाले आफ्ना मतदातासँग निर्वाचित सांसद प्रत्यक्षरुपमा जोडिनुपर्ने बताएका छन्। मधेस प्रदेशअन्तर्गत सर्लाही ४ मा उम्मेदवारी दिएपछि भेटघाट तथा पार्टी प्रवेशसम्बन्धी कार्यक्रममा व्यस्त रहनुभएका सभापति थापाले आज धनकौलमा आयोजित कार्यक्रममा सांसद कार्यालय स्थापना गरी आफ्ना मतदातासँग सिधै सम्पर्कमा रहेर विकास निर्माणलगायतका काममा सक्रिय हुने प्रतिबद्धता व्यक्त गरे।

उनले भने, "मलाई यहाँका जनताले खोज्न अब कहीँ जानुपर्दैन, मेरो सम्पर्क कार्यालय यहीँ रहन्छ मैले पहाड बुझेँ, सहर बुझेँ र यसपटक मधेस बुझ्न उम्मेदवारीसहित यहाँ आएको हुँ।

**-बाँकी तीन पेजमा**

## बारामा घरमै पसेर आमा–छोराको हत्या

रौतहट, १४ माघ। देशमा चुनावी सरगर्मी बढिरहेकै बेला बाराको परवानीपुर गाउँपालिका–१ रहरियाडीह गाउँमा बुधबार बिहान भएको सांघातिक आक्रमणमा एकै परिवारका दुई जनाको ज्यान गएको छ। घटनामा तीन जना गम्भीर घाइते भएका छन्। बिहान करिब ३ बजेतिर अज्ञात समूह घरमै पसेर स्थानीय जगरुप महतो धानुकको परिवारमाथि धारिलो हतियार बाट आक्रमण भएको हो। जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा डीएसपी विजयराज पण्डितका अनुसार धारिलो हतियार प्रहारबाट ५२ वर्षीया एक महिला र उनका ३२ वर्षीय छोरा रामेश्वर मण्डलको घटनास्थलमै मृत्यु भएको हो।

घाइते भएका अन्य तीन जना परिवारका सदस्यहरूको एलएस न्यूरो लगायत अस्पतालमा उपचार

**-बाँकी तीन पेजमा**

## गाउँपालिका अध्यक्षकै अगुवाइमा रुख कटान गरिएको आरोप

सिरहा, १४ माघ। चोहर्वा–सिरहा सडकखण्डअन्तर्गत विष्णुपुर गाउँपालिका–१ स्थित विष्णुपुर बजार क्षेत्रमा सडकको दुवैतर्फ लगाइएका रुखहरू बिना अनुमति काटिएको घटनाप्रति स्थानीयवासी आक्रोशित भएका छन्। बजार क्षेत्रमा रहेका आँप र जामुनका रुखहरू राजनीतिक पहुँचको आडमा काटिएको स्थानीयको आरोप छ। स्थानीय अरुण यादवले विष्णुपुर गाउँपालिकाका अध्यक्ष सत्यनारायण यादवको अगुवाइमा बजार क्षेत्रका रुखहरू कटान गरिएको आरोप लगाए।



उनले गाउँपालिका अध्यक्षसहित राजकुमार यादव, नागे यादव र विन्देश्वर यादव (फतुरिया)लगायत रुख कटानमा संलग्न रहेको बताए। यस विषयमा डिभिजन वन कार्यालय लहानका प्रमुख शैलेन्द्र मिश्राले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए। उनले अनुसन्धानका क्रममा दोषी देखिए वन ऐनअनुसार कारबाही गरिने बताए। यस विषयमा बुझ्न पटक–पटक गाउँपालिकाका अध्यक्षलाई सम्पर्क गर्दा उनको फोन उठेन।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## योग गरौं, स्वस्थ जीवन अपनाऔं

- नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ।
- नियूमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ।
- बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं।
- बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो।

**योग गरौंः स्वास्थ्य बनौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# भौतिक संरचनाका साथै मानवीय व्यवहार आवश्यक

कारागार हेर्ने मन्त्रालयका तालुकवाला मन्त्रीले राजधानीका प्रमुख झ्यालखानाहरूको निरीक्षण गरी बन्दीगृहमा मानवअधिकारको प्रत्याभूतिमा कुनै सम्झौता नगर्न सम्बन्धित अधिकारीलाई निर्देशन छन्। समाचारअनुसार त्यसक्रममा गृहमन्त्री ओमप्रकाश अर्यालले भौतिक पूर्वाधार सुधार तथा अत्यावश्यक सेवाको उपलब्धताको लागि मन्त्रालयले सहयोग गर्ने आश्वासन पनि दिए। नेपालका लगभग सबै कारागार गत भदौ २३ – २४ को आन्दोलनका क्रममा फुटाइएका थिए। अधिकांश बन्दीहरू झ्यालखाना तोडेर भागेका थिए। यसले नेपालको कारागारको सुरक्षा अवस्था र भौतिक पूर्वाधारको दुरवस्था पनि पोल खोलेको छ।

केही दिन पहिलेमात्र भक्तपुरको सानोठिमीस्थित बाल सुधार गृहमा विध्वंस भएपछि बाल बन्दीहरूलाई अन्यत्रै सार्नुपरेको थियो। आन्दोलनका बेलामा त कारागारहरूसँगै बालसुधार गृहबाट पनि त्यहाँ थुनिएकाहरू भागेका थिए। अर्थात्, वयस्क कारागारहरूमात्र होइन सुधार गृहहरूसमेत सुरक्षित र सुविधाजनक छैनन्। देशका अधिकांश ठूला कारागारमा क्षमताभन्दा धेरै जनालाई कोचेर राखिएको हुन्छ। कारागारभित्र नाइके र प्रशासनको समानान्तर शासन चल्छ। दुवै पक्षको उत्तिकै शोषण, दमन र दुर्व्यवहार विशेषगरी गरिब र निमुखा कैदीबन्दीले सहनुपर्छ। यस्तो अवस्थामा पाहुना मन्त्रीले 'मानव अधिकारको प्रत्याभूति'मा सम्झौता नगर्न दिएको निर्देशनको अर्थ के हुन्छ रु

सुधारको चर्को आवश्यकता भएको र सबैजसो सरकारका मन्त्रीहरूले 'गफ' दिएको तर खासै काम नगरेको एउटा क्षेत्र नेपालको कारागार पनि हो। कारागार सुधारको माग र आश्वासन त राणा कालदेखि नै सुरुभएको थियो। पञ्चायत कालमा समेत बेलाबखत सुधारको आवाज उठ्ने र आश्वासन दिने गरिन्थ्यो। कारागारमा लामो समय बिताएका कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, शेरबहादुर देउवा, खड्गप्रसाद ओलीलगायतका राजनीतिक नेताहरू प्रधानमन्त्री हुँदा पनि कारागार सुधारमा भने पटक्कै ध्यान दिइएन। पटकपटक विभिन्न समिति र आयोग बनाएर लिइएका कारागार सुधारका सुझावहरू पनि खासै कार्यान्वयन गरिएन। कुनै पनि सरकारले कारागार सुधारलाई प्राथमिकता दिएनन्।

कारागार सुधारको विषय उठ्नेबित्तिकै मूलतः आर्थिक अभावको तगारो तेर्स्याइने गरिन्छ। तर, आर्थिक पक्षमात्र निर्णायक होइन भन्ने उदाहरण सानोठीमीलगायत पहिले एउटा सामाजिक संस्थाले स्थापना गरेर करिब अढाई दशक सञ्चालन गरेका बालगृहहरू हुन्। सरकारले गरेको प्रतिबालक खर्च भन्दा आधा अनुदानमा पनि सुरुका केही वर्ष ती बालगृहहरू दक्षिण एसियामै उत्कृष्ट मानिन्थे। सम्भवतः व्यवस्थापनको मानवीय आयामले सरकारी र सामाजिक संस्थाले सञ्चालन गरेको बालसुधार गृहका बीचमा यस्तो फरक परेको हो। कारागारहरूका हकमा पनि त्यहाँको भौतिक संरचना र सुविधामा उन्नतिका साथै व्यवस्थापनमा मानवीय पक्षको समायोजन अनिवार्य हुन्छ। अहिलेसम्म सबै सरकारहरूले नदेखेको र त्यसैले सुधारका प्रयास चरितार्थ हुन नसकेको कारण पनि यही हो।

घोषित मितिमा निर्वाचन भयो भने वर्तमान सरकारको आयु लगभग दुई महिना होला। तैपनि, गृहमन्त्री अर्यालले सुधारको निम्ति सहयोगको आश्वासन दिएका छन्। कारागार व्यवस्थापनका अधिकारीहरूले केही हुने र गर्ने आशा पनि गरेका होलान्। कारागारप्रतिको दृष्टिकोणमा परिवर्तन गरी सुधार केन्द्रका रूपमा हेर्ने र त्यहाँ राखिनेहरूसँग गरिने व्यवहार मानवोचित हुने प्रत्याभूति भएमात्र वास्तवमै कारागारको सुधार हुनेछ।

# आत्ममुग्ध नेताप्रति आकर्षण किन घातक ?

### महिलाहरूमा आत्ममुग्धता र मनोरोगको सम्भावना पुरुषको तुलनामा कम हुन्छ र उनीहरू सामूहिक हितलाई बढी प्राथमिकता दिन्छन्

**आडम ग्रान्ट**

प्राचीन ग्रीक पौराणिक कथाअनुसार आफ्नै प्रतिविम्बसँग प्रेममा पर्ने (नार्किसस) व्यक्तिले कि त आफ्नो अस्तित्व गुमाउँछ कि त मृत्युवरण गर्छ। विडम्बना, आधुनिक विश्वमा यस्तै आत्ममुग्ध नेताहरूप्रति आकर्षण बढ्दो छ। महान् नेताहरू आफ्नो अहंकारलाई भन्दा लक्ष्यलाई प्राथमिकता दिन्छन् तर आत्ममुग्ध नेताहरू आफ्नो ठुल्याइँलाई नै सर्वोपरी ठान्छन्। यति हुँदाहुँदै पनि यस्ता पात्रहरूप्रति मानिसहरू किन मोहित भइरहेका छन् त?

ग्रीक पूराकथाको आत्ममुग्ध पात्रको अन्ततः दुःखद अन्त्य हुन्छ भने आधुनिक अमेरिकामा त्यस्तो व्यक्ति 'कर्नर अफिस' (उच्च ओहोदा) मा बढुवा हुन्छ र कहिलेकाहीँ त 'ओभल अफिस' ( राष्ट्रपति कार्यालय) मा समेत निर्वाचित हुन्छ। सन् १८२४ देखि १९९२ सम्मका अमेरिकी राष्ट्रपतीय निर्वाचनहरूको अध्ययनले के देखाएको छ भने, होचा उम्मेदवारको तुलनामा अग्ला उम्मेदवारले निरन्तर बढी मत पाएका थिए। सामाजिक, आर्थिक र राजनीतिक खतराको समयमा उम्मेदवारको उचाइले अझ बलियो भूमिका खेलेको पाइयो। समाज जति अस्थिर हुन्छ मानिसहरू शारीरिकरूपमा शक्तिशाली र वर्चस्वशाली देखिने नेतालाई त्यति नै बढी रुचाउँछन्। आजको दिनमा आत्ममुग्धहरूप्रति देखिने आकर्षणको मुख्य कारण यही हो।

हामी अहिले असाधारण अशान्तिको समयमा बाँचिरहेका छौँ। महामारीमा लाखौँले ज्यान गुमाए, युरोपमा पुस्तौँपछि भीषण युद्ध भइरहेको छ। जलवायु परिवर्तनले हाम्रो जीवनशैलीलाई चुनौती दिइरहेको छ भने कृत्रिम बौद्धिकता (एआई) ले जीविकोपार्जनलाई सङ्कटमा पार्दैगएको छ। यसले गर्दा धेरै मानिसमा अनिश्चितता र चिन्ता बढेको छ। यस्तो परिस्थिति अधिनायकवादी र आत्ममुग्धहरूका लागि उर्वर भूमि बन्छ जसले अराजकतालाई व्यवस्थित गर्ने वाचा र चमत्कार गर्ने आत्मविश्वास प्रदर्शन गर्छन्।

केही पाठकहरूलाई लाग्न सक्छ यो आलेख राष्ट्रपति डोनाल्ड ट्रम्पका बारेमा मात्र हो। उनले नै "म एक्लैले यो ठीक गर्न सक्छु" वा "मलाई जनरलहरूलाई भन्दा बढी आईएसआईएसको बारेमा थाहा छ" भनेर फुर्ती लगाएका थिए। उनले आफ्नो सम्पत्तिको समेत बढाइचढाइ गरे, चुनाव हारेको स्वीकार गरेनन्। तर मेरो आशय ट्रम्पको बारेमा मात्र होइन मानिसहरू किन उनी र उनीजस्ता राजनीतिक वा व्यावसायिक नेताहरूप्रति आकर्षित हुन्छन् भन्ने बारेमा हो।

थोरै अहंकारले ठूला र क्रान्तिकारी विचारहरू जन्माउन मद्दत पुऱ्याउला तर प्रमाणहरूले के भन्छन् भने चरम आत्ममुग्ध व्यक्तिहरू खराब नेता साबित हुन्छन्। आफ्नो स्वार्थ पूरा गर्न उनीहरू अरूलाई बहकाउन, नियमहरू मिच्न र कानुन तोड्नसमेत हिचकिचउँदैनन्।

राजनीतिमा यसको जोखिम अझ बढी हुन्छ। अमेरिकी राष्ट्रपतिहरूको आत्ममुग्धतामा आधारित भएर १२० जना विज्ञहरूले गरेको मूल्यांकनमा लिन्डन जोन्सन, रिचर्ड निक्सन र एन्ड्रयु ज्याक्सन शीर्ष तीनमा परे। उनीहरू सबैको छवि भने भ्रष्टाचार र घातक निर्णयहरूका कारण धमिलिएको थियो। अहंकारकै कारण ज्याक्सनले सर्वोच्च अदालतलाई चुनौती दिए र रैथाने अमेरिकीहरूलाई उनीहरूको भूमिबाट जबर्जस्ती धपाए। जोन्सनले खबरदारी गर्दागर्दै पनि भियतनाम युद्ध चर्काए भने निक्सन वाटरगेट काण्डमा फसे।

ग्रान्टका अनुसार व्यापारिक क्षेत्रमा पनि आत्ममुग्ध नेताहरूले ठूलो क्षति पुऱ्याउँछन्। आत्ममुग्ध नेतृत्व भएका बैंकहरूले सन् २००८ को वित्तीय संकटका बेला ज्यादै जोखिमपूर्ण नीतिहरू अपनाए र उनीहरूको पुनरुत्थान पनि सुस्त रह्यो। यस्ता अधिकारीहरू वास्तविक सफलता वा असफलताभन्दा पनि सामाजिक प्रशंसामा रमाउँछन् जसले गर्दा उनीहरू अझ ठूलो जोखिम लिन हौसिन्छन्। चाकडीबाजहरूको घेरामा रहने हुनाले उनीहरू असफल भइरहेका योजनामा पनि जिद्दी गरिरहन्छन्। स्टिभ जब्सको अहंकारले गर्दा एप्पलले 'लिजा' जस्तो महँगो र असफल डेस्कटप सार्वजनिक गरेको थियो। फलस्वरूप उनलाई आफ्नै कम्पनीबाट निकालियो। व्यावसायिक खेलकुदमा पनि यस्तै देखिन्छ। एनबीए का खेलाडी जति बढी आत्ममुग्ध भएर ट्वीट गर्छन् उनीहरूको टोलीको प्रदर्शन त्यति नै खस्किएको पाइयो। आत्ममुग्धहरू श्रेय लिन खोज्ने र दोष अरूलाई थुपार्ने स्वभावका हुन्छन्। उनीहरू आफूलाई समूहभन्दा माथि राख्छन्। उनीहरूका लागि नेतृत्व भनेको सेवा गर्ने जिम्मेवारी नभएर कब्जा गर्ने अवसर हो।

धेरैलाई लाग्छ हामी यस्ता मानिसहरूबाट झुक्किएका हौँ। तर अनुसन्धानले भन्छ — आत्ममुग्धहरूलाई चिन्न गाह्रो छैन। उनीहरू आफ्नो प्रशंसा आफैँ गर्छन्, आकर्षक फोटोहरू पोस्ट गर्छन् र ठूला अक्षरमा हस्ताक्षर गर्छन्। उनीहरू आफूलाई विशेष ठान्छन् र सोचेजस्तो भएन भने आफू नै पीडित भएको गुनासो गर्छन्। अचम्मको कुरा त के छ भने यस्ता नेताहरूको स्वार्थी स्वभावबारे जानकार हुँदाहुँदै पनि अनिश्चित विश्वमा मानिसहरू उनीहरूलाई नै नेता मान्न रुचाउँछन्।

मनोवैज्ञानिकहरूका अनुसार कम आत्मविश्वास भएका मानिसहरू आत्ममुग्ध नेताहरूप्रति बढी आकर्षित हुन्छन्। हामी जति असुरक्षित महसुस गर्छौँ त्यस्ता व्यक्तिहरूप्रति हाम्रो धारणा त्यति नै उच्च हुन्छ। यो प्रवृत्ति बाल्यकालदेखि नै सुरु हुन्छ। प्राथमिक विद्यालयका ९६ प्रतिशत कक्षा कोठाहरूमा आत्ममुग्ध गुण भएका बालबालिकाहरू नै नेतृत्वका लागि मनोनीत हुने सम्भावना बढी देखियो। तपाईं आत्ममुग्ध हाकिमको मातहतमा हुनुहुन्छ भने उनीहरूको खराब प्रवृत्तिलाई केही हदसम्म मत्थर पार्न सकिन्छ। त्यसको उपाय उनीहरूको कामको आलोचना गर्नुअघि तिनको सिर्जनशीलता वा अन्य व्यक्तिगत खुबीको प्रशंसा गर्नु हो। प्रशंसा पाउँदा उनीहरू कम आक्रामक हुन्छन्।

बुद्धिमान नेताहरूले आत्मविश्वास र विनम्रताको सन्तुलन मिलाउँछन्। उनीहरू आफ्ना कमजोरी स्वीकार्न र आलोचकहरूबाट सिक्न सक्छन्। आत्ममुग्धहरू नेतृत्व पाउन लालयित हुन्छन् तर विनम्र नेताहरू प्रायः जिम्मेवारी लिन हच्किन्छन्। जर्ज वासिङ्टनलाई पहिलो राष्ट्रपति बन्नका लागि निकै फकाउनुपरेको थियो र उनले तेस्रो कार्यकाल अस्वीकार गरेका थिए। यो संयोगमात्र होइन।

विनम्र नेताहरूलाई सत्तामा पुऱ्याउने एउटा उपाय चयन प्रक्रियामा परिवर्तन गर्नु हो। जो मानिस नेतृत्वमा पुग्न कुहिनोले अरूलाई धकेल्दै अघि बढ्छन् उनीहरूलाई मात्र मौका दिनुको सट्टा योग्य सबैलाई विचार गरिनुपर्छ। यसो गर्दा नेतृत्वमा लैङ्गिक खाडल पनि कम हुन्छ। महिलाहरूमा आत्ममुग्धता र मनोरोगको सम्भावना पुरुषको तुलनामा कम हुन्छ र उनीहरू सामूहिक हितलाई बढी प्राथमिकता दिन्छन्।

महिला सांसद बढी भएका देशहरू युद्धमा जाने सम्भावना कम हुन्छ। महिलाहरू संलग्न भएका शान्ति सम्झौताहरू ३५ प्रतिशत बढी टिक्ने गरेको पाइन्छ। महामारीको समयमा महिला नेतृत्व भएका देश वा राज्यहरूमा मृत्युदर कम थियो। किनभने उनीहरूले योजनामा दृढता र जनताको पीडामा समानुभूति दुवै देखाएका थिए। संगठनात्मक मनोवैज्ञानिकहरू भन्छन पुरुष नेताहरू तनावमा हुँदा बढी शत्रुतापूर्ण र अपमानजनक व्यवहार गर्छन्। त्यसैले महिलाहरू नेतृत्व लिन 'अति भावनात्मक' हुन्छन् भन्ने तर्क तथ्यले खण्डित गरिसकेको छ।

त्यस्तै, सामान्य वा गरिब पृष्ठभूमिबाट आएका व्यक्तिहरूलाई नेतृत्वमा ल्याउँदा पनि फाइदा हुन्छ। अभावमा हुर्केकाहरू औसतमा बढी प्रभावकारी नेता हुन्छन् र धोका दिने सम्भावना कम हुन्छ। किनभने उनीहरूमा आत्ममुग्धता कम हुन्छ। अन्त्यमा, आत्ममुग्धहरूलाई सत्तामा पुग्नबाट रोक्ने उत्तम तरिका मानिसहरूलाई चिन्तित बनाउने खतराहरूलाई सम्बोधन गर्नु हो। रोजगारी र आम्दानीमा स्थिरता भएमा मतदाताहरू यस्ता उग्र उम्मेदवारप्रति कम आकर्षित हुनेछन्। कर्पोरेट क्षेत्रमा पनि व्यक्तिको एकल नतिजालाई मात्र नहेरी उसले अरूको हितमा गरेको योगदानलाई हेरेर नेतृत्व चयन गरिनुपर्छ।

नेतृत्वको जिम्मेवारी निकै महत्त्वपूर्ण हुन्छ। यसैले अहंकारी मानिसहरूको हातमा नेतृत्व सुम्पनु हुँदैन। आत्ममुग्ध नेताहरू आफ्ना कमजोरी लुकाउँछन् र झन् कमजोर बन्छन्। विनम्र नेताहरू आफ्ना कमजोरी स्वीकार्छन् र झन् शक्तिशाली बन्छन्। महान् नेताहरूले आफ्ना कमजोरीमाथि विजय प्राप्त गर्छन् र हामी सबैको जीवनलाई उत्तम बनाउँछन्।

नेपालमा पनि केही प्रमुख उमेदवारहरूमा यही प्रवृत्ति निकै बलियो देखिन्छ। आफैँले भोगेर चेत्ने कि अरूको भोगाइबाट पनि सिक्ने हो त्यो नेपाली मतदाताकै जिम्मामा। *(संगठनात्मक मनोवैज्ञानिक आडम ग्रान्टद्वारा लिखित र न्युयोर्क टाइम्समा प्रकाशित सामग्रीमा आधारित अनुकूलन)*

## नापी कार्यालयमा...

आउने सबै सेवाग्राही ठगिएको छ। कोहि कित्ताकाटको नाममा त कोहि आफ्नै जग्गा एकीकृत गराउने नाममा।'

जग्गा पास गराउन सबै कागजात पूरा हुँदा र प्रक्रिया पूरा गरेर बुझाउँदा समेत काम गराउन घुस दिनु परेको अर्का सेवाग्राही गणेश यादव बताए। उनले भने, 'दुई साता अघि किताकाट गराउन गएको थिएँ, कहिले लम्बाई मिलेन कहिले चौडाइ मिलेन भन्दै चार घण्टा अलमल्याए। काम गराउने भए सुरुमा २० हजार देउ भने, अन्तिममा बाध्य भएर १३ हजार रुपैयाँ बुझाउनै पर्यो।'

श्रीमतिको नाममा जग्गा पास गराउनु पर्नेभएकाले सधैं सवैलाई बोकेर जान पनि नसकिने भएकोले अतिरिकत रकम दिन आफू बाध्य भएको यादवले बताए। उनले भने, 'घुस नदिएको भए काम नै नहुने रहेछ। नापी कार्यालयले समयमा काम नगरिदिँदा त्यसदिन जग्गा पासको काम पनि हुन सकेन।'

हुनत नापी र मालपोत कार्यालय घुस्याहा अड्डाकै रुपमा परिचित छ। यी कार्यालयहरुमा सेवाग्राहीको आत्याधिक भिडभाड लाग्ने गरेकाले त्यसको फाईदा उठाउँदै कर्मचारीले अतिरित्तः रकम माग्ने दिनेको रकम छिटो र नदिनेको काम विभिन्न वाहाना बनाएर रोक्ने, ढिलो गर्ने गरेको लेखापढि व्यवसायीहरुनै बताउँछन्। घुस नदिने/खुवाउन नसक्ने सेवाग्राहीको काम नहुने र भएपनि ढिलाढाला हुने सेवाग्राहीको गुनासोको विषयमा प्रतिक्रिया लिन नापी कार्यालय सिरहा पुगेका पत्रकारलाई प्रमुख जनक राज ओझाले कार्याकक्षमै दुव्यहार गरेका छन्।

कार्यालयमा भएको अनियमितता र घुस लेनदेनले सेवाग्राही मर्कामा परेको विषयमा प्रतिक्रिया लिन कार्यकक्षमै पुगेका संचारकर्मीद्वय आशिष बिश्वकर्मा र मुकेश कुमार यादबलाई दुव्यवहार गरे। कार्यालय प्रमुख ओझाकै कार्यकक्षमा पुगेका पत्रकार यादवले यस कार्यालयमा अनियमित लेनदेद हुने गरेको भन्ने सूचना पाएको भन्ने सुनाउन नपाउँदै प्रमुख ओझा जङ्गिदै तपाईंहरु पत्रकार नै हैन्, के प्रमाण छ? म प्रतिकृया दिन्न, तपाईहरु कार्यालयबाट तत्काल बाहिर निस्कनु भन्दै दुर्व्यवहार गरे।

पत्रकार यादवले भने, 'मैले पुनः सर यो कुर्सिमा बसेपछि त जवाफ दिनु पर्दैन र? भनि पुनः प्रश्न गर्दैगर्दा प्रमुख ओझाले 'गलत संकेत गर्दै ..यि म दिन्न। तपाईहरुलाई जे जे गर्न मन छ गर्नु भन्दै थप दुर्व्यवहार गरे। र कार्यालयका सवै कर्मचारीलाई बोलाएर जङ्गीए।' पत्रकार यादवले भने, 'पत्रकारसँग यस्तो व्यवहार गर्ने कार्यलय प्रमुखले सर्वसाधारणसँग कस्तो व्यवहार गर्दाहुन तपाईंहरु आफै अनुमान लागाउनु होस्।'

# मधेसी मतदाताका आफ्नै पीडा, चाहन्छन् दुःख बुझ्ने नयाँ अनुहार

**नवीन प्रियदर्शी**



जनकपुर, १४ माघ। प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिएसँगै मधेसका सहरी भेगमा मात्रै होइन, गाउँ–देहातमा समेत चुनावी चर्चा भइरहेको छ। मनोनयन दर्तासँगै उम्मेदवार, नेता तथा कार्यकर्ताहरूको दौडधुप बढेको छ। तर, ग्रामीण समुदायका मुसहर टोल, तत्मा टोल, मलाह टोल र चमार टोलका व्यक्तिहरू भन्छन्, 'टीभी र मोबाइलमा चुनावको कुरा सुनिन्छ। गाउँका अरू टोलबाट पनि जानकारी मिल्छ, तर हाम्रो बस्तीमा अहिलेसम्म कुनै रौनक छैन। विगतको चुनावमा जुन होहल्ला, प्रचार र फोटोफाटो हुन्थ्यो, त्यो यसपालि छैन, तर हामीलाई त्योसँग मतलब पनि छैन।'

जनकपुरधाम उपमहा नगरपालिका–२३ की ७० वर्षीया समुद्री सदा भन्छिन्, 'खानका लागि तड्पिरहेको छु। हाम्रो समुदायलाई कसैले हेरेको छैन। चुनावबाट जितेर जाँदा पनि धनी र ठुला जातका लागि मात्रै हुन्छ। हामी तल्लो जातका गरिबलाई कसले हेर्ने ? न खान छ, न घर छ। जाडोमा पनि कसैले हेरेन। कपाल फुलेसक्यो, कति चुनाव हेरेँ, तर हाम्रो लागि कोही छैन।' महोत्तरीको पिपरा गाउँपालिका–७ की ७१ वर्षीया बेचनी देवीले धेरै पटक भोट खसाले पनि कसैले नहेरेको गुनासो गर्छिन्। उनी भन्छिन्, 'कति चोटि मत खसालेँ, के भयो ? कसैले सुनेन, वास्ता पनि गरेन। चुनावले हामीलाई के फाइदा ? काम गर्छौं तब खान्छौँ, काम हुँदैन कसैले केही दिँदैन। हामी गरिबका लागि, हाम्रो जात समुदायका लागि के सोचेको छ ? पैसा छैन। उपचार गराउन या ठुलो इलाज गराउन पनि पैसा चाहियो। सरकारी अस्पतालमा पनि ठुला व्यक्तिलाई नै उपचार हुन्छ।'

जलेश्वर नगरपालिका–७ पर्कौलीस्थित चियापसलमा भेटिएका दीपक झा भन्छन्, 'मनोनयन दर्तादेखि जनतामा उत्साह छ। राम्रो वातावरण बनेको देखिन्छ। सरकारले तोकेको समयमा निर्वाचन हुन्छ भन्ने विश्वास थिएन।' निर्वाचनपछि देशले निकास पाउने उनले विश्वास गर्छन्। 'अब देशलाई नयाँ पुस्ताले हाँक्नुपर्छ। अब देशको प्रधानमन्त्री नयाँ पुस्तालाई दिनुपर्छ र उनले नै देशको मर्म बुझेर विकासतिर लग्नेछ,' उनी भन्छन्। नगराइन नगरपालिका–३ का राघवदासले चुनावपछि आउने सरकार समृद्धि र आर्थिक वृद्धितिर लागोस् भन्ने चाहना राखेका छन्। 'निर्वाचन राम्रोसँग होस्। नयाँ नेतृत्व राम्रो मान्छेले लियोस्। देश समृद्धि र आर्थिक वृद्धितिर लागोस् र कर्तव्यनिष्ठको हातमा जाओस्,' दास भन्छन्, 'यसपालि जनता सचेत छन्, मत दुरुपयोग गर्दैनन्। लोभलालचमा यसपालि नेपाली जनता, चाहे पहाड, तराई, हिमाल जहाँका भए पनि, सोचेर मतदान गर्नेछन्।'

बदलिँदो राजनीतिक परिदृश्यबिच प्रमुख दलहरूले अधिकांश पुराना अनुहारलाई नै पुनः चुनावी मैदानमा उतारेका छन्। मधेस आन्दोलनको मर्मविपरीत घरपरिवार र नातागोतालाई समानुपातिकमा केन्द्रित गरिएका र नागरिकको हितमा खासै काम गर्न नसकेका पुराना अनुहारलाई दोहोऱ्याउनुभन्दा नयाँ अनुहारलाई मौका दिनुपर्ने मधेसका युवाहरूको भनाइ छ। मिथिला नगरपालिकाका अब्दुल मिया भन्छन्, 'यसपालि फेरि पुराना उम्मेदवार नै धेरै दोहोरिएका छन्। तर, गाउँघरमा नयाँ अनुहारको चर्चा चलिरहेको छ। पुरानोले के गऱ्यो, त्यो हामीले हेरिसक्यौँ, यसपालि नयाँलाई अवसर दिनुपर्छ। नयाँ पार्टी, नयाँ संगठन र नयाँ अनुहारलाई मौका दिनुपर्छ।'

लामो संघर्ष र नागरिकहरूको बलिदानपछि प्राप्त संघीय लोकतान्त्रिक व्यवस्थालाई अझ बलियो र संस्थागत गर्न निर्वाचनको विकल्प नभएको सचेत मतदाता बताउँछन्। निष्पक्ष र शान्तिपूर्ण वातावरणबिच आसन्न प्रतिनिधि सभा निर्वाचनका लागि सुरक्षा निकायलगायत सरोकारवालाहरूसँग धनुषाको तारापट्टि चौरमा भेला भएका समुदायहरूले प्रशासनलाई आग्रह गरेका छन्, उनीहरू निष्पक्ष मत खसाल्ने वातावरण बनोस् भन्ने चाहन्छन्। यता, सर्लाही लालबन्दी नगगरपालिका नवलपुरका कृषक अशोक झा भन्छन्, 'पुराना दलहरूले सत्ता र कुर्सी जोगाउन मात्रै निर्वाचनका बेला कृषि, स्वास्थ्य, शिक्षा नै पहिलो प्राथमिकता भन्दै ठुला भाषण गर्छन्। जितेर गएपछि सबै बिर्सन्छन्। अहिले कृषक हामी कति मारमा छौँ, समयमा न बीउ, न मल, न त सस्तो दरमा बैंकबाट ऋण नै पाइन्छ। यसपालि वर्षाका कारण धान, तरकारी र अन्य बालीको उत्पादन राम्रो हुन सकेन। अन्नले राम्रो बजार पाउन सकेन। हाम्रो पीडा कसले बुझ्ला ? हामी धेरै ठगियौँ। अब पुराना दल र पुराना नेताहरूप्रतिको विश्वास गुमेको छ। त्यसैले अब नयाँ युवा नेतृत्वलाई मौका दिनुपर्छ।'

बाक्लो जनघनत्वका हिसाबले सातै प्रदेशमध्ये मधेस प्रदेश दोस्रो स्थानमा छ। यहाँ ३६ लाख ३६ हजार ४१४ जना मतदाता छन्। विगतका निर्वाचनका आँकडा हेर्दा बदर मतको संख्या बढी देखिएकाले मतदाता शिक्षा एउटा चुनौतीपूर्ण समस्याका रूपमा छ। मताधिकारको सही प्रयोग गर्न र अनिवार्य रूपमा मतदानमा सहभागी गराउन मतदाता शिक्षालाई प्राथमिकताका साथ विस्तार गर्नुपर्ने देखिन्छ। सर्लाही, हरिपुर्वाका राकेश यादव भन्छन्, 'मत खसाल्न हामीलाई धेरै गाह्रो हुन्छ। मतपत्रमा कहाँ भोट हाल्ने भन्ने कुरा कम पढेलेखेका महिला, बुढापाकाहरूलाई थाहा हुँदैन। त्यसका लागि मतदाता शिक्षा राम्रोसँग दिनुपर्छ। मतदाता शिक्षाको ज्ञान नहुँदा धेरै मत बदर हुन्छ। प्रभावकारी मतदाता शिक्षा लागु नगरिए विगतमा जस्तै मत बदर हुनेछ।'

मधेस प्रदेशका आठ जिल्लामध्ये प्रत्येकमा चार निर्वाचन क्षेत्रका दरले कुल ३२ निर्वाचन क्षेत्र छन्। आगामी फागुन २१ गते हुने निर्वाचनका लागि प्रत्यक्षतर्फ विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी १ हजार ४८ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

# दल र उम्मेदवारले बैंकिङ प्रणालीबाट कारोबार गर्नुपर्ने

काठमाडौं, १४ माघ। निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य चुनावमा राजनीतिक दल र उम्मेदवारले बैंकिङ प्रणालीबाट आर्थिक कारोबार गर्नुपर्ने बताउनुभएको छ। प्रतिनिधिसभा सदस्य चुनावलाई लक्षित गरि निर्वाचन आयोगले बुधबार निजी क्षेत्रका छाता संस्थासँग गरेको अन्तरक्रियामा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले चुनाव समयमा राजनीतिक दल र उम्मेदवारलाई नगद कारोबार नगर्न आग्रह गर्नुभएको हो।

दल र उम्मेदवारले बैंकिङ प्रणाली विपरीत कारोबार गरे उम्मेदवारी रद्दसम्मका कारबाही गर्न सकिने कानूनी व्यवस्था रहेको पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो। उहाँले बङ्गलादेशको जस्तो स्थितिमा गुज्रिनु नपरोस् भनि अनुशासनमा राख्न र लयमा फर्काउन सबै पक्षले चुनावलाई सहयोग गरेको पनि बताउनुभयो। चुनाव बिथोल्ने शक्ति अहिले क्षीण भएर गएकाले फागुन २१ गते चुनाव हुने विषयलाई अब कसैले नकार्न नसक्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ थियो।

राष्ट्रिय झन्डाको दुरुपयोग रोक्न आयोगले सरकारलाई लेखि पठाएपछि गृह मन्त्रालयले सरोकार भएका निकायलाई ध्यानाकर्षण गराइ यसको कार्यविधिअनुसार गर्न आह्वान गरेको उहाँले स्मरण गराउनुभयो। आयोगका सचिव कृष्णबहादुर राउतले निजी क्षेत्रले निर्वाचन आचारसंहिता पालनामा सहयोग गर्नुपर्ने बताउनुहुँदै सबैको सहकार्यमा आवधिक चुनाव गराएर लोकतन्त्रलाई स्थायित्व दिनुपर्ने बताउनुभयो। चुनावमा झन्डै ३१ अर्ब रुपैयाँ खर्च हुने जानकारी गराउनुहुँदै उहाँले त्यसबाट उद्योग, व्यवसायलगायत अर्थतन्त्र चलायमान हुने उल्लेख गर्नुभयो।

# सीके राउतलाई निर्वाचन आयोगले सोध्यो स्पष्टीकरण

काठमाडौं, १४ माघ। जनमत पार्टीका अध्यक्ष सीके राउतलाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ। राउत सप्तरी–बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार छन्। राउतले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनेर उजुरी परेपछि आयोगले स्पष्टीकरण सोधेको हो।

सप्तरी निर्वाचन क्षेत्र नम्बर–२ का सार्वजनिक स्थानमा आफ्नो निर्वाचन चिह्न र झन्डाको तोरण बनाई प्रदर्शन गरेको भनेर राउतविरुद्ध आयोगमा उजुरी परेको हो। यसलाई आधार मानेर आयोगले राउतलाई आयोगले स्पष्टीकरण सोधेको हो।

## *बारामा घरमै ...*

भइरहेको छ। प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान सुरु गरिसकेको र संलग्न व्यक्तिको खोजी तीव्र बनाइएको प्रवक्ता पण्डितले जानकारी दिएका छन्। बारा प्रहरीले घटनाको कारण खुल्न र थप विवरण आउन बाँकी रहेको भन्दै दोषीलाई चाँडै कानुनी दायरामा ल्याउने जनाएको छ।

## *स्थानीय जनताका ...*

यहाँको शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा आफ्नो संयन्त्र, अनुभव र ज्ञानको अधिकतम सदुपयोग गरी समस्या सम्बोधनमा तल्लीन हुनेछु। तपाईंको नेता नभई बेटा (छोरा) बन्न सर्लाही आएको हुँ। तपाईंहरूले दिएको मतको सम्मान गर्दै विकास निर्माणलगायतका काममा समर्पित हुनेछु।" आफ्नो निर्वाचन क्षेत्रमा भएका भेटघाट तथा छलफलका क्रममा प्राप्त राय, सुझाव र अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दै सर्लाहीवासीको अनुरोधपछि यहाँ आएकाले माया पाउने विश्वास व्यक्त गरे।

सो अवसरमा बहुजन पार्टीबाट सर्लाही क्षेत्र नं ४ अन्तर्गत प्रदेश 'ख' को प्रदेशसभाका उम्मेदवार कृष्णकुमार कुशवाहसहित गोडैता नगरपालिका वडा नं १ का वडाध्यक्ष सुजित महतो, २ का वडाध्यक्ष अजयप्रसाद शाह, ५ का वडाध्यक्ष प्रकाश गुप्ता र वडा नं ११ का वडाध्यक्ष विश्वनाथ पण्डितसहितका विभिन्न पार्टी सम्बद्ध नेता तथा कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेका थिए। उनको यही माघ १६ गते शुक्रबार काठमाडौँ फर्किने कार्यक्रम रहेको सचिवालयले जनाएको छ।

# मधेसमा एक हजार २३७ मतदान स्थल अति संवेदनशील, कुन जिल्लामा कति ?

जनकपुर, १४ माघ। प्रतिनिधि सभाको आसन्न निर्वाचनका लागि मधेस प्रदेशमा चार हजारभन्दा बढी मतदान केन्द्र निर्धारण गरिएको छ। प्रदेशको ८ वटै जिल्लामा ४ हजार ४७१ मतदान केन्द्र निर्धारण गरिएको हो।निर्वाचनलाई शान्तिपूर्ण रूपमा सफल बनाउन प्रहरीले निर्वाचन सुरक्षा योजना तयार पारेको छ। सबै जिल्लाका मतदान स्थल निरीक्षणपछि प्रहरीले सुरक्षा चुनौतीको अवस्थाका आधारमा तिनलाई तीन भागमा वर्गीकरण गरेको छ। जेनजी मुभमेन्टपछि सुरक्षा चुनौतीको दृष्टिकोणले मतदान स्थललाई प्रहरीले सामान्य, संवेदनशील र अति संवेदनशील गरी तीन भागमा वर्गीकरण गरेको हो।

मधेस प्रहरीका अनुसार ८ वटै जिल्लाका कुल मतदान केन्द्रमध्ये खासगरी सुरक्षा चुनौती रहेका स्थलहरूलाई तीन भागमा वर्गीकरण गरेर त्यसैअनुरुप सुरक्षा रणनीति तयार पारिएको प्रहरीको भनाइ छ। सुरक्षा चुनौती भएको केन्द्रलाई अति संवेदनशील र नभएको ठाउँको मतदान स्थललाई सामान्य वर्गीकरणमा राखिएको मधेस प्रहरीले जानकारी दिएको छ। प्रहरीका अनुसार मधेसका एक हजार २३७ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको छ। प्रदेशका सबै जिल्लाका सुरक्षा समितिको अध्ययन अनुसार अति संवेदनशील वर्गीकरण गरिएको मधेस प्रहरी प्रमुख एवं डीआइजी गोविन्द थपलियाले बताए। उनका अनुसार ८ वटै जिल्लामा कुल १६० मतदान केन्द्रलाई मात्रै सामान्य वर्गीकरणमा राखिएको छ।

**कुन जिल्लामा कति मतदान स्थल अति संवेदनशील ?**

पर्साबाहेक मधेसका ७ जिल्लाका विभिन्न मतदान केन्द्र अति संवेदनशील वर्गीकरणमा छन्। सुरक्षाको दृष्टिकोणले सप्तरी जिल्लाका मतदान केन्द्र सबैभन्दा बढी 'रेड जोन'मा राखिएको छ। यहाँको २९६ मतदान स्थलमध्ये २०९ वटा मतदान स्थल अति संवेदनशीलको सूचीमा राखिएको मधेस प्रहरीले जनाएको छ। यसैगरी सिराहाका १५४, धनुषाका १९४, महोत्तरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ र बाराका १४५ मतदान स्थल अति संवेदनशील सूचीमा राखिएको मधेस प्रहरीले जानकारी दिएको छ।

प्रदेशका ८ वटै जिल्लामा ७६३ वटा मतदान स्थललाई संवेदनशीलको सूचीमा राखिएको छ। सर्लाहीमा सबैभन्दा बढी १३१ मतदान स्थल संवेदनशील सूचीमा छन्। एकीकृत सुरक्षा योजना अनुसार अति संवेदनशील, संवेदनशील र सामान्य मतदान स्थलमा सुरक्षाकर्मीको व्यवस्था गरिने मधेस प्रहरी प्रमुख थपलिया बताउँछन्।

**मधेसमा मात्रै ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटिँदै**

सुरक्षा चुनौती भएको मतदान स्थलमा सोही अनुसार प्रहरी परिचालन गर्ने रणनीति तयार पारिएको छ। ८ वटै जिल्लामा व्यापक संख्यामा नेपाल प्रहरी, निर्वाचन प्रहरी, सशस्त्र प्रहरी र सेना परिचालन गरिने तयारी गरिएको छ। सुरक्षाका तीन वटै निकायबाट गरी मधेसमा ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटाइने तयारी गरिएको जनाइएको छ। मधेस प्रहरीका अनुसार मतदान केन्द्रको भित्री घेरामा नेपाल प्रहरी र निर्वाचन प्रहरी परिचालन गरिनेछ। त्यसपछिको बाहिरी घेरामा सशस्त्र प्रहरी र सबैभन्दा बाहिरी घेरामा नेपाली सेना खटाइने सुरक्षा योजना बनाइएको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

मधेसका ८ वटै जिल्लामा करिब ४० हजार नेपाल प्रहरी र निर्वाचन प्रहरी परिचालन गरिने तयारी गरिएको मधेस प्रहरीले जनाएको छ। यसैगरी सशस्त्र प्रहरीबाट १० हजार प्रहरी खटाउने तयारी गरिएको सशस्त्र प्रहरी बल मधेस प्रदेशले जनाएको छ। यसको अलावा नेपाली सेना पनि परिचालन हुने छ। मधेसमा सेना कति खटाउने भन्ने निर्धारण हुन बाँकी रहेको सैनिक स्रोतले जनाएको छ। एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार सेना परिचालन हुने नेपाली सेनाले जानकारी दिएको छ।

# लिखित एजेन्डा कार्यान्वयन गर्ने उम्मेदवारलाई मुसहर समुदायको मत

**सुधा देव**

सप्तरी, १४ माघ। सप्तरीका मुसहर दलित समुदायले लिखित चुनावी एजेन्डा प्रस्तुत गरी त्यसको व्यवहारिक कार्यान्वयन सुनिश्चित गर्ने उम्मेदवारलाई मात्र मतदान गर्ने निर्णय गरेका छन्। “चुनाव हेर्दा–हेर्दै मर्ने उमेर भइसक्यो, तर दलितको अवस्थामा कुनै परिवर्तन आएन,” विष्णुपुर गाउँपालिका–६ की ६५ वर्षीया कपुरवती देवी सदाले भन्नुभयो। उहाँका अनुसार नेताहरूले सधैं दलितलाई ‘भोट बैंक’ का रूपमा प्रयोग गरे, तर व्यवहारमा केही गरेनन्। “यसपालि पनि उम्मेदवारहरू दिनहुँ मत माग्न आउँछन्, तर दलितका लागि स्पष्ट र लिखित चुनावी एजेन्डा कसैसँग छैन,” उहाँले भन्नुभयो। केवल मुखले बोलेर मात्र नहुने, लिखित एजेन्डासहित व्यवहारमा कार्यान्वयन गर्ने सुनिश्चितता जनाउने उम्मेदवारलाई मात्र दलित समुदायको मत जाने उहाँको भनाइ छ।



स्थानीय मतदाता ५७ वर्षीया अमोलिया देवी सदाका अनुसार दलितका लागि ‘के–के गरिदिन्छु, भन्ने आश्वासन वर्षौंदेखि सुनिँदै आएको छ। “मत लिएपछि आश्वासन कार्यान्वयन हुँदैन, त्यसैले हाम्रो अवस्थामा कुनै परिवर्तन आएको छैन,” उहाँले भन्नुभयो। गाँस, बाँस, कपास, शिक्षा र रोजगारीका लागि सधैं संघर्ष गर्नुपरेको उल्लेख गर्दै उहाँले दलित समुदाय अब परिवर्तन चाहने अवस्थामा पुगेको बताउनुभयो। “हाम्रो मुख्य माग दलित समुदायको आर्थिक सशक्तीकरण हो,” उहाँले जोड दिनुभयो। विष्णुपुर गाउँपालिका–६ का पूर्व वडाध्यक्ष बहादुर सदाका अनुसार चुनावले मात्र दलित समुदायको विकास हुन्छ भन्ने कुरा कल्पनामा सीमित छ “दलित अधिकार र आर्थिक सशक्तीकरण नेताहरूले जुनसुकै बेला व्यवहारमा देखाउनुपर्छ,” उहाँले भन्नुभयो। अधिकार र मुद्दालाई भाषणमा सीमित नगरी कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

दलित अधिकारकर्मी भोला पासवानले सप्तरीका उम्मेदवारहरूको चुनावी एजेन्डामा दलितका मुद्दा समेटिन नसकेको बताउनुभयो। “भाषणमा प्राथमिकता दिएजस्तो देखिए पनि व्यवहारमा देखिँदैन,” उहाँले भन्नुभयो। मत लिनका लागि मात्र दलितलाई झुटो आश्वासन दिन नपाइने र अहिलेसम्म अधिकांश दलित त्यसको सिकार बनेको उहाँको भनाइ छ।

यसैबीच, नेपाली जनता पार्टीको उम्मेदवार तथा पूर्व सांसद रञ्जु ठाकुरले दलित समुदाय आफ्नो प्राथमिकतामा पहिले पनि रहेको र आगामी दिनमा पनि रहने बताउनुभयो। सप्तरी क्षेत्र नं. २ बाट स्वतन्त्र उम्मेदवार संजय चौधरीले दलित समुदायलाई प्राथमिकतामा राखेर आफू चुनावमा होमिएको बताउनुभयो। निर्वाचित भए दलित समस्या समाधानलाई पहिलो प्राथमिकतामा राखेर व्यवहारमा कार्यान्वयन गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो।

# मधेस प्रदेशबाट ५८ जना जेनजी पुस्ताका युवा चुनावी मैदानमा

जनकपुर, १४ माघ। फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेस प्रदेशबाट ५८ जना जेनजी पुस्ताका युवा उम्मेदवार बनेका छन्। निर्वाचन आयोगको तथ्याङ्क अनुसार तीमध्ये दुईजना महिला र ५६ जना पुरुष रहेका छन्। आयोगका अनुसार जेनजी पुस्ताका उम्मेदवारमध्ये ४१ जना स्वतन्त्र र १७ जना विभिन्न राजनीतिक दलबाट चुनावी मैदानमा उत्रिएका हुन्। युवाको बढ्दो राजनीतिक सक्रियताले यसपटकको निर्वाचनलाई थप रोचक बनाउने विश्वास गरेको छ। दलगत रूपमा हेर्दा उज्यालो नेपाल पार्टी र जनमत पार्टीले ३–३ जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन्। श्रम संस्कृति पार्टीले दुईजना युवा उम्मेदवार उठाएको छ। यसैगरी नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिस्ट पार्टी, आम जनता पार्टी, जन अधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी र नेपालका लागि नेपाली पार्टीले एक–एक जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन्।

उज्यालो नेपाल पार्टीले सिरहा क्षेत्र नम्बर ३ बाट २६ वर्षीय सर्वन पासवान, महोत्तरी १ बाट २८ वर्षीय मनोज कुमार गुप्ता र रौतहट २ बाट २५ वर्षीय रामाकान्त प्रसाद पटेललाई उम्मेदवार बनाएको छ। जनमत पार्टीले महोत्तरी १ बाट २७ वर्षीय वीरेन्द्र महतो, रौतहट २ बाट २८ वर्षीय सोनु कुस्वाहा र रौतहट ४ बाट २८ वर्षीय राम कल्याण राउतलाई उम्मेदवार बनाएको छ। श्रम संस्कृति पार्टीले सिराहा क्षेत्रबाट २६ वर्षीय पंकज कुमार ठाकुर र पर्सा १ बाट २८ वर्षीय वसिम शेषलाई उम्मेदवार बनाएको छ। नेकपा एमालेले सर्लाही ४ बाट पूर्व सांसद शिव पूजन यादवको छोरा २७ वर्षीय कम्युनिस्ट कुमार यादवलाई उम्मेदवार बनाएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले सिराहा १ बाट युवा तथा खेलकुद मन्त्रीसमेत भइसकेका २८ वर्षीय बब्लु गुप्तालाई उम्मेदवार बनाएको छ। नेकपाले बारा ४ बाट २७ वर्षीय अजय कुशवाहालाई उम्मेदवार बनाएको छ यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरी २ बाट २७ वर्षीय अजयकुमार दास र नेपाल मजदुर किसान पार्टीले सोही क्षेत्रबाट निलम कुमारी यादवलाई उम्मेदवार बनाएको हो।

# तीन गुण बढी कैदीबन्दी मतदानमा सहभागि हुने




**विनय कर्ण**

सप्तरी, १४ माघ। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा राजविराजस्थित सप्तरी कारागार कार्यालयमा बन्दी जिवन बिताइरहेका १६० जना कैदीबन्दीले मतदान गर्ने भएका छन्। २०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ४७ जना कैदी बन्दीले मतदान गरेकोमा यस पटकको निर्वाचनमा विगतको भन्दा तीनगुणा बढी कैदीबन्दीले मतदान गर्ने भएका हुन्। निर्वाचन कार्यालयले सुरु गरेको मतदाताको लगत संकलनका क्रममा १६० जना कैदीबन्दीले मतदान गर्ने अवस्था देखिएको सप्तरी कारागार कार्यालयका प्रमुख गंगालाल योगीले जानकारी दिनुभयो।

“२०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ४७ जना कैदी बन्दीले मतदान गरेका थिए। यसपल्ट तथ्याङ्क संकलनका क्रममा उक्त संख्यामा बढेर १६० पुगेको छ” उहाँले भन्नुभयो। कारागारमा हाल ‘क’ र ‘ख’ गरी दुईवटा ब्लकमा कुल तीन सय ६६ कैदी बन्दी छन्। जसमध्ये सात जना भारतीय नागरिक छन्। मतदाता सूचीको अध्ययन गर्ने कार्य भइरहेको भन्दै केही दिन भित्रै यकिन संख्या बताउने जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेश कुमार जोशीले जानकारी दिनुभयो।

उहाँले विवरण सङ्कलन गरेर जिल्ला निर्वाचन कार्यालयले अध्ययन गरी अन्तिम नामावली तयारपार्ने काम गरिरहेको बताउनुभयो। मताधिकार प्राप्त गर्ने कैदीबन्दीका लागि कारागारमा एउटा अस्थायी मतदान केन्द्र स्थापना गरिने समेत उहाँले जानकारी दिनुभयो। प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा कैदी बन्दीले पनि मतदान गर्न पाउने अघिल्लो २०७९ को निर्वाचनदेखि नै व्यवस्था भए बमोजिम यसपल्ट पनि मतदान केन्द्रको व्यवस्था मिलाउन लागिएका छ। मतदाता नामाबलीमा समेटिएका कैदी बन्दीले समानुपातिक तर्फ मात्र मतदान गर्न पाउने व्यवस्था रहेको छ। मतदानका लागि कारागारमा एउटा अस्थायी मतदान केन्द्र राखिने जिल्ला निर्वाचन कार्यालयका प्रमुख जोशीले उनले जानकारी दिनुभयो।

सप्तरीको चारवटा निर्वाचन क्षेत्रमा कुल चार लाख ४६ हजार चार सय दुई मतदाता रहेको र निर्वाचनका लागि जिल्लामा २९६ मतदान स्थल र पाँच सय ६२ मतदानकेन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

# भ्रमपूर्ण विज्ञापन पत्ता लगाएर उजुरी गर्नुहोस् : अध्यक्ष हुमागाईं

**गजेन्द्र गुरुङ**

काठमाडौं, १४ माघ। विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले पछिल्ला समयमा सामाजिक सञ्जाल लगायतका प्लेटफर्मबाट भ्रमपूर्ण विज्ञापन प्रकाशन/प्रसारण गरेर उपभोक्ताहरुलाई झुक्याउने, ठगी गर्नेजस्ता कार्यहरु बढिरहेको गुनासाहरु सुन्नमा आएको भन्दै त्यस्ता भ्रमपूर्ण विज्ञापनहरु पत्ता लगाएर बोर्डमा उजुरी गर्न उपभोक्ताहरुलाई आग्रह गर्नुभएको छ। विज्ञापन बोर्डको आयोजनामा पहिलोपटक नेपालगन्जमा सोमबार आयोजना गरिएको “विज्ञापन नियमनमा सरोकारवालाको भूमिका” विषयक अन्तरक्रिया तथा क्षमता विकास कार्यक्रममा यस्तो बताउनुभएको हो।




“विज्ञापन बोर्ड नियामक निकाय मात्र नभएर कार्यान्वय गर्ने निकाय र अर्धन्यायिक निकाय पनि हो, आम उपभोक्ताहरु भ्रामक विज्ञापनबाट झुक्किनु वा ठगिनु कार्य गलत हो, तपाईंहरुलाई यदि कुनै भ्रामक विज्ञापनबाट ठगिनुभएको छ भने लिखित उजुरी गर्नुहोस्।,” उहाँले भन्नुभयो, “कुनै पनि उपभोक्ताहरु कुनै पनि किसिमका भ्रामक विज्ञापनबाट ठगिनुहुँदैन, त्यसो भएको खण्डमा हामी कानुनअनुसार कारबाही गर्छौं।” उहाँले बोर्डले भ्रमपूर्ण विज्ञापनबाट उपभोक्तालाई जोगाउन, जनताको स्वास्थ्यको रक्षा गर्न, महिला बालबालिका लगायतलाई जोखिमबाट मुक्त राख्न, स्वच्छ प्रतिस्पर्धा कायम गराउन, सामाजिक तथा नैतिक मर्यादा कायम गराउन र आमसञ्चारका माध्यम तथा व्यवसायिक घरानाप्रति विश्वास बनाइराख्न विज्ञापन नियमनको आवश्यकता रहेको बताउनुभयो।

उहाँले विज्ञापन नियमनका लागि उपभोक्ता, विज्ञापनदाता, सञ्चारमाध्यम, तीनै तहका सरकार लगायतका सरोकारवालाको बराबर भूमिका हुने भन्दै सबैले सहयोग गर्नुपर्ने बताउँदै विज्ञापन नियमनका लागि स्थानीय तह तथा प्रदेश सरकारको उत्तिकै जिम्मेवारी र जवाफदेहिता हुने उल्लेख गर्नुभयो। स्थानीय र प्रदेश सरकारलाई पनि अनुगमन गर्नेदेखि लिएर जरिवाना र कारबाही गर्नेसम्मका अधिकार रहेको स्पष्ट पार्नुभयो। उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय अध्यक्ष वरिष्ठ अधिवक्ता ज्योती बानियाँले उपभोक्ताको परिभाषा र आधारभूत अवधारणा, कानुनी र संवैधानिक व्यवस्था, नियमनकारी चासो र चुनौती, विज्ञापन नियमन ऐन, विज्ञापन गर्न निषेध गरिएका विषयहरु, स्थानीय बजार र उद्योग व्यवस्थापन, होडिङ बोर्डसम्बन्धी व्यवस्था, अनलाइन र सामाजिक सञ्जालका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो।

उहाँले गलत र भ्रमपूर्ण विज्ञापनबाट जोगिनका लागि उपभोक्ता स्वयं पनि सचेत हुनुपर्ने भन्दै विशेषगरी विज्ञापन बोर्डले उल्लेख्य भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले बोर्डले वाणिज्य विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, उपभोक्ता अदालत लगायतका अन्य नियमनकारी निकायसँग छलफल, समन्वय गर्नुपर्ने बताउनुभयो। बोर्डलाई सोसल मिडिया र न्युरोसाइन्समा आधारित विज्ञापनलाई प्रभावकारी रुपमा नियमन गर्न, उपभोक्ता अधिकारकर्मी र नागरिक समाजको निगरानी बढाउन, उपभोक्ता अदालतको सक्रियता र छिटो छरितो क्षतिपूर्ति प्रक्रिया अगाडि बढाउन र सचेतना अभियानलाई डिजिटल माध्यममा लैजान समेत सुझाव दिनुभयो। बाँकेका प्रजिअ दिलकुमार तामाङले अर्थतन्त्रको आकारको बढोत्तरी, वस्तु सेवाको बढोत्तरीसँगै तीव्र रुपमा भएको प्रविधिको विकाससँगै विज्ञापनहरुले जबरजस्ती राज गरिरहेको बताउँदै आम उपभोक्तालाई गलत प्रचारप्रसारबाट जोगिनका लागि निगरानी तथा नियमन जरुरी रहेको बताउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)